Co. Regd. No.: 111548/069/70
NRB License No.: "Gha"/94/075/076

Microfinance
समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको संस्था (राष्ट्रियस्तर)

च.नं. ८४४/०८०/८१

मिति: २०८१/०३/१४

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**विषय : एकीकृत कारोवार शुभारम्भ तथा बैकिङ्ग कारोवार बन्द गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड लाई प्राप्ति (एक्विजिशन) गर्ने गरि नेपाल राष्ट्र बैंकबाट मिति २०८१/०२/२९ गते, नेपाल धितोपत्र बोर्डबाट मिति २०८१/०३/०९ गते र कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१/०३/११ गते प्राप्त गर्ने संस्था समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट कारोवार संचालन गर्ने गरी अन्तिम स्वीकृति प्राप्त भई वित्तीय संस्थाको मिति २०८१/०३/१३ गते बसेको संचालक समितिको १६०औ बैठकको निर्णयानुसार मिति २०८१/०३/२४ गते सोमबार देखि एकीकृत कारोवार शुभारम्भ गर्ने साथै एकीकृत कारोवार गर्ने अघिल्लो दिन मिति २०८१/०३/२३ गते आईतवार एक दिन दुबै वित्तीय संस्थाको डाटा माईग्रेसन कार्य सम्पन्न गर्ने प्रयोजनको लागि सम्पुर्ण बैकिङ्ग कारोवार बन्द रहने व्यहोरा सहित सर्वसाधारण तथा सरोकारवाला निकायहरुको जानकारीको लागि मिति २०८१/०३/१४ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**संलग्न :**
प्रकाशित सूचनाको प्रतिलिपि १ थान ।

भवदीय,

विश्वराज श्रेष्ठ
कम्पनी सचिव

**बोधार्थ :**
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौं ।
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाण्डौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाण्डौं ।
श्री आरबिबि मर्चेन्ट बैकिङ्ग लि., टेकु, काठमाण्डौं ।

Boosting Agriculture.... Thinking Food Security & Poverty Reduction

Banepa Municipality | Ward No. 7, Banepa, Kavre | Tel: 011-597000 | E-mail: samata@samata.org.np | www.samata.org.np
"समता लघुवित्त वित्तीय संस्था लिमिटेड घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडमा गाभिएको"

# समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) पश्चात् प्राप्त गर्ने संस्था "समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड" को नामबाट एकीकृत वित्तीय कारोवार शुभारम्भ गरिने बारे अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०३/१४ गते शुक्रबार)**

नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १११५४८/०६९/७० रही नेपाल राष्ट्र बैंकबाट एकीकृत वित्तीय कारोवार संचालन ईजाजतपत्र नं. ने.रा. बैंक/इ.प्रा."घ"/९४/०७५/०७६ (साविक समता लघुवित्त वित्तीय संस्था लि. को ईजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा."घ"/३४/०७०/०७१, मिति २०७०/०१/०२ गते कायम रहेकोमा) प्राप्त बनेपा नगरपालिका वडा नं. ७, बनेपा, काभ्रेपलाञ्चोक जिल्लामा रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहेको "घ" वर्गको राष्ट्रियस्तरको समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडले नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १७६३६७/०७४/०७५ रही नेपाल राष्ट्र बैंकबाट मिति २०७७/०४/०७ मा ईजाजतपत्र (ने.रा.बैंक/इ.प्रा."घ"/६५/०७४/०७५) प्राप्त सिद्धार्थनगर नगरपालिका वडा नं. ५, रुपन्देही जिल्लामा रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहेको "घ" वर्गको प्रादेशिकस्तरको मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा दुबै वित्तीय संस्थाको मिति २०८०/१२/२९ गते सम्पन्न बार्षिक साधारण सभाको निर्णय बमोजिम स्वीकृत भएको हो ।

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने गरी दुबै वित्तीय संस्थाको निर्णय बमोजिम **नेपाल राष्ट्र बैंकबाट मिति २०८१/०२/२९ गते** र **नेपाल धितोपत्र बोर्डबाट मिति २०८१/०३/०९ गते** प्राप्ति (एक्विजिशन) सम्बन्धी अन्तिम स्वीकृति प्राप्त भएको साथै **कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०३/११ गतेको** निर्णयबाट प्रचलित कानून तथा दुई वित्तीय संस्था विच भएको आपसी सहमति बमोजिम लक्षित संस्था मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्पूर्ण सम्पत्ति तथा दायित्व प्राप्ति पश्चात् प्राप्त गर्ने संस्था (एक्वायरर) समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड ले सकार्ने/व्यहोर्ने गरी स्वीकृति प्राप्त भएको व्यहोरा जानकारी गराउँदै प्राप्ति पश्चात् बन्ने **"समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड"** अंग्रेजीमा **"Samata Gharelu Laghubitta Bittiya Sanstha Limited"** को नामबाट **मिति २०८१/०३/२४ गतेबाट एकीकृत वित्तीय कारोवार** गरिने व्यहोरा सम्पूर्ण ग्राहकवर्गहरु, शेयरधनी महानुभावहरु, नियामक निकायहरु तथा सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराउँदै प्राप्ति पश्चात् वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय बनेपा नगरपालिका वडा नं. ७, काभ्रेपलाञ्चोकमा रहने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराउँदछौं ।

**साथै, मिति २०८१/०३/२४ गते देखि दुई वित्तीय संस्थाको एकीकृत कारोवार शुभारम्भ गरिने भएको हुँदा डाटा माइग्रेसन कार्यको लागि मिति २०८१/०३/२३ गतेका दिन दुबै बित्तीय संस्थाद्धारा आफ्ना कार्यालयहरुबाट प्रदान गर्दै आइरहेको सम्पूर्ण बैकिङ्ग कारोवार बन्द रहने व्यहोरा समस्त ग्राहक सदस्य, शेयरधनी, नियमनकारी निकाय तथा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यसबाट ग्राहक सदस्यहरुमा पर्न जाने असुविधा प्रति क्षमाप्राथी छौं ।**

प्राप्ति (एक्विजशन) कार्यमा सहयोग पुर्‍याउनु हुने सम्पूर्ण शेयरधनीहरु, सम्पत्ति दायित्व मूल्यांकनकर्ता, नियमनकारी निकायका पदाधिकारी लगायत प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउनु हुने सम्पुर्ण सरोकारवालाहरु प्रति समता घरेलु लघुवित्त वित्तीय संस्था लि. र मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि.को तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाँहन्छौं ।


Microfinance

**समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड**

**Samata Gharelu Laghubitta Bittiya Sanstha Limited**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको)

**केन्द्रीय कार्यालयः** बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल, फोन नं.: ०११-५९७०००, ६६५४३८

इमेलः samata@samata.org.np

वेबसाइटः www.samata.org.np

**मनकामना स्मार्ट**

**लघुवित्त वित्तीय संस्था लिमिटेड**

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्था (प्रदेश नं. ५ कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय : सिद्धार्थनगर-५, रुपन्देही

फोन नं. : ०७१-५८७३१६,३१७

इमेल : manakamanalbs@gmail.com

वेभसाईट : www.manakamanalbs.com